बोदेबरसाइन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुदशाखा

बोदेबरसाइन सप्तरी

प्रदेश नं. २, नेपाल

पत्र स.०७७/७८
चलानी न.

मिति : २०७८।०३।१७

विषय- कासमू फारम भर्ने भराउने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु(प्रधानाध्यापक/शिक्षक), सप्तरी ।

प्रस्तुत विषयमा शिक्षक व्यवस्थापनको क्षेत्रमा गर्ने कामहरु मध्ये शिक्षकहरुको कार्य सम्पादन मुल्याङ्कन एक महत्वपूर्ण कार्य भएको व्यहोरा सबैमा जानकारी भएकै विषय हो । कार्य सम्पादन मुल्याङ्कन फाराम भर्ने सिफारिस गर्ने, प्रमाणित गर्ने एवं पुनरावलोकन गर्ने सम्मको कुनै पनि चरणमा हुने त्रुटी र कमजोरी/असावधानीका कारण शिक्षकहरुको वृति विकासमा दिर्घकालिन असर पुग्न सक्ने अवस्थालाई मध्यनजर गरी शिक्षकहरुको कार्य सम्पादन मूल्यांकन तथा व्यवस्थापनका सम्बन्धमा शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित)मा भएको व्यवस्था, शिक्षक सेवा आयोगबाट विभिन्न समयमा भएका.परिपत्रहरु एवं विगतका कार्यसम्पादन मुल्यांकन गर्ने सम्बन्धमा देखिएका त्रुटि कमजोरी समेतलाई मध्यनजर गरी शैक्षिक सत्र २०७८ को कार्यसम्पादन मुल्यांकन गर्दा गराउन सम्बन्धित सबैमा अनुरोध छ ।

१. कार्यसम्पादन मुल्यांकनको लागि फारम प्रयोग गर्दा माध्यमिक तहको लागि पहेलो, निम्न माध्यमिक तहको लागि हरियो र प्राथमिक तहको लागि निलो (आकाशे) रंगको प्रयोग गर्नु पर्ने ।

२. शैक्षिक सत्र शुरु भएको मितिले ३० दिन भित्र सम्बन्धित शिक्षकले आफ्नो कार्यसम्पादन मुल्यांकन फाराममा आफूले भर्नुपर्ने विवरण भरी सम्बन्धित विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाउनुपर्ने ।

३. विद्यालयमा दर्ता नभएको वा तोकिएको म्याद पछि दर्ता भएको वा शैक्षिक सत्र शुरुहुनु अगाडिको मितिमा नै दर्ता भएको वा सम्बन्धित शिक्षकको दस्तखत नभएको वा मूल्यांकनकर्ताको दस्तखत नभएको साथै केरमेट भएको, ओभरराइटिङ्ग गरिएको, टिपेक्सको प्रयोग भएको कासमू फारमले मान्यता नपाउने ।

४. विद्यालयको नाम, मूल्यांकन फारम भर्ने शिक्षकको नाम, दसतखत, विद्यालय किताबखानाले उपलब्ध गराएको शिक्षक संकेत नं. (सिटरोल नं.), मूल्यांकन अवधि र शैक्षिक सत्र जस्ता कासमू फारमका सबै महलमा उल्लेख भएका सबै विषयहरु अनिवार्य भर्नु भराउनु पर्ने ।

५. अध्यापन गरेको विषयको (जुन तह र विषयमा स्थायी नियुक्ति लिएको हो सोहि विषय र तहको) कक्षागत औषत उतीर्ण प्रतिशत र सम्बधित विषयको भौगोलिक इकाइको औषत उतीर्ण प्रतिशत अनिवार्य उल्लेख गर्ने ।

६. कासमू फारमको खण्ड क को प्रयोजनको लागि शिक्षकले कक्षागत औषत उतीर्ण प्रतिशत गणना गर्दा अध्यापन गरेको कक्षाको सम्बन्धित विषयमा D+ र सो भन्दा माथिल्लो ग्रेड ल्याउने विद्यार्थीहरुको कूल संख्या जोडी सो कक्षाका कूल विद्यार्थी संख्याले भाग गरी १०० अंकले गुणन गर्ने ।

क्रमश: --

राम सागर यादव
शिक्षा अधिकृत

बोदेबरसाइन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुदशाखा
बोदेबरसाइन सप्तरी
प्रदेश नं. २, नेपाल

पत्र स.०७७/७८
चलानी न.

मिति : २०७८।०३।१७

$$\frac{\text{D+ र सो भन्दा माथिल्लो ग्रेड ल्याउने विद्यार्थीहरुको कुल संख्या} \times १००}{\text{सो कक्षाका कुल विद्यार्थी संख्या}}$$

७. कासमू फारमको खण्ड ग बमोजिम शिक्षकलाई दिइने अध्यापन बाहेकको विशेष जिम्मेबारी लिखित रुपमा नै तोकिएको हुनुपर्ने र सोको प्रमाण समेत कासमू फारमको साथ पेश गर्नुपर्ने छ ।

८. स्थानीय तह अन्तर्गतका सबै विद्यालयहरुले वार्षिक तहगत, कक्षागत र विषयगत औषत सिकाई उपलब्धी/विद्यार्थी उतीर्ण प्रतिशतको विवरण आषाढ २० गते भित्रमा सम्बन्धित शिक्षा शाखामा उपलब्ध गराई सम्बन्धित विषयको भौगोलिक एकाईको औषत उतीर्ण प्रतिशत प्राप्त गर्नुपर्ने ।

९. अस्थायी/राहत शिक्षक प्रधानाध्यापक रहेको खण्डमा कुनै तह र श्रेणीको शिक्षकको कार्य सम्पादन मुल्यांकन नगर्ने ।

१०. प्रधानाध्यापकले आफू समान तह र श्रेणीको शिक्षकको सिफारिस नगर्ने तथा सुपरिवेक्षक र पुनरावलोकन समितिको महलमा समेत दस्तखत नगर्नु ।

११. प्रधानाध्यापक माथिल्लो तह वा श्रेणीको भएमा आफ्नो मातहतका शिक्षकहरुको कासमूको सिफारिस गर्ने, सुपरिवेक्षण गर्ने र पुनरावलोकन समितिको महलमा समेत दस्तखत गर्ने । प्रधानाध्यापकले सिफारिस र सुपरिवेक्षण गरेको कासमू फारमको प्रमाणित गर्ने महलमा र पुनरावलोकन समितिमा शिक्षा शाखा प्रमुखले दस्तखत गर्नुपर्ने ।

१२. प्रधानाध्यापक सुपरिवेक्षक हुन नपाउने (प्रअ स्वयंको, प्रअको समान तह वा श्रेणी, प्रअ भन्दा माथिल्लो तह श्रेणीको) शिक्षकहरुको कासमूमा स्थानीय तहको शिक्षा शाखा प्रमुखले सिफारिस गर्ने, सुपरिवेक्षण गर्ने र पुनरावलोकन समितिको महलमा समेत दस्तखत गर्ने ।

१३. प्रधानाध्यापक वा एकै व्यक्तिले कासमू फारमको सिफारिस र प्रमाणित गर्ने दुवै महलहरुमा दस्तखत नगर्ने । अर्थात् एकै पदाधिकारीले सिफारिस गर्ने र प्रमाणित गर्ने दुवै महलमा दस्तखत गर्न नमिल्ने ।

१४. शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित)को नियम ३२घ (१२)को कानुनी प्रावधान अनुसार आफूले सुपरिवेक्षकबाट पाएको अंकको विषयमा कुनै शिक्षकलाई दुविधा भएमा शिक्षा विकास तथा समन्वय इकाइले तोकिएको मिति भित्र (शैक्षिक सत्र २०७७ को कासमूको हकमा) आफूले प्राप्त गरेको कार्य सम्पादन मुल्यांकन वापतको अंक हेर्न जिल्ला शिक्षा समन्वय इकाइमा निवेदन दिन सकिनेछ ।

बोधार्थ:
जिल्ला शिक्षा समन्वय इकाइ, सप्तरी
शिक्षक सेवा आयोग सानोठिमी भक्तपुर ।

..............................................
राम सागर यादव
शिक्षा अधिकृत

राम सागर यादव
शिक्षा अधिकृत